प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थीको शिक्षालय स्थानान्तरणका लागि निवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८२।०७।२८ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आंगिक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षालयहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रममा अध्ययनरत बिद्यार्थीहरुले शिक्षालय स्थानान्तरण गरी अध्ययन गर्न चाहेमा उपयुक्त कारण खुलाई मिति २०८२।०८।१२ गते शुक्रबार कार्यालय समय भित्र परीक्षा नियन्त्रण कार्यालयमा तोकिएका निम्न शर्तहरु पुरा गरी देहाय बमोजिमका कागजातहरु अनिबार्य रुपमा संलग्न गरेर मात्र निवेदन दर्ता गराउनु हुन परीक्षा समितिको मिति २०८२।०७।२८ गतेको निर्णय अनुसार सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको कागजात संलग्न नगरेको र अन्तिम मिति भन्दा पछि प्राप्त निवेदन उपर कुनै पनि कार्यवाही नहुने व्यहोरा समेत सम्वन्धित सवैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### प्रशिक्षार्थीको शिक्षालय स्थानान्तरण सम्वन्धमा :

(क) प्रशिक्षार्थीले शिक्षालय स्थानान्तरण गरी सोही कार्यक्रममा अध्ययन गर्नका लागि स्पष्ट कारण खुलेको निवेदन ।

(ख) वार्षिक परीक्षा प्रणाली अन्तर्गत प्रथम र दोश्रो वर्षमा तथा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत प्रथम वर्षको दोश्रो खण्ड र दोश्रो वर्षको प्रथम खण्डमा अध्ययन गरी अन्तिम परीक्षाको नियमित परीक्षामा सहभागी भई अध्ययनका लागि स्थानान्तरण स्वीकृति लिन निवेदन पेश गर्न सक्नेछ ।

(ग) रजिष्ट्रेशन कायम गरीएको कार्डको प्रतिलिपी ।

(घ) शिक्षालय स्थानान्तरण गरी अध्ययन गर्न दिने र लिने दुवै शिक्षालयको कोटा (छात्रवृत्ति वा पुर्ण शुल्कीय) खुलेको सहमति पत्र, शिक्षालयमा कोटा रिक्त रहेको सक्कल पत्र र अघिल्लो बर्ष/सेमेष्टरको अन्तिम परीक्षाको आन्तरिक मूल्यांकनको समष्टिगत (Internal Assessment Sheet) शिक्षालयवाट प्रमाणित भएको पेश गर्नुपर्नेछ ।

(ङ) परिषद्का आंगिकबाट आंगिकमा, साझेदारीबाट साझेदारीमा, सामुदायिकबाट सामुदायिकमा र निजीबाट निजी शिक्षालयमा तथा विविध कारणवश कार्यक्रम बन्द हुने भएमा सरकारी स्वामित्व भएका शिक्षालयबाट सरकारी स्वामित्व भएका शिक्षालयमा शिक्षण संस्था परिवर्तन हुने गरी बिद्यार्थीहरुले स्थानान्तरणका लागि निवेदन दिन सक्नेछन् ।

(च) आन्तरिक मुल्यांकन परीक्षामा अनुत्तीर्ण बिद्यार्थीलाई शिक्षालय स्थानान्तरणको सहमति दिइने छैन ।

(छ) शिक्षालयहरुले शिक्षालय स्थानान्तरणका लागि सहमति दिंदा आफ्नो शिक्षालयमा रिक्त कोटाको संख्यामा मात्र सिफारिस दिनुपर्नेछ ।

नोट : सवै कागजात एवं प्रकृयाहरु परीक्षा नियन्त्रण कार्यालयबाट सूचना प्रकाशित मिति पछिको हुनुपर्नेछ । परिवर्तित पाठ्यक्रम लागू भैसकेको भए सिफारिश गरिने छैन ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**